पाख्रीबास नगरपालिका धनकुटाको स्थानीय पाठ्यक्रम २०७७ मा आधारित पाठ्यपुस्तक

# हाम्रो पाख्रीबास

कक्षा २












# हाम्रो पाखीबास

## कक्षा- २

विद्यार्थीको नाम : ____________________

रोल नम्बर : ____________________

विद्यालयको नाम : ____________________

लेखन तथा सम्पादन :

किशोर भण्डारी

किशोरकुमार राई

प्रकाशक पाखीबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा

© सर्वाधिकार प्रकाशक

प्रकाशन : वि.सं २०७८
संस्करण : प्रथम

# हाम्रो भनाइ

नेपालमा स्थानीय पाठ्यक्रमको सन्दर्भमा सर्बप्रथम प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले स्थानीय विषय वा मातृभाषा मध्ये एउटा १०० पूर्णाङ्कको विषय राख्ने व्यवस्था गरेको थियो । त्यसपछि विकास भएका पाठ्यक्रमहरूले पनि आधारभुत तहमा स्थानीय विषयको व्यवस्था गर्दै आएको देखिन्छ । यद्यपि यी सम्पूर्ण व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन् । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ निर्माण भई कार्यान्वयनमा आएको छ । यहि पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेको सिद्धान्त तथा स्वरुपमा आधारित भई आधारभुत तह (कक्षा १-३) को एकिकृत पाठ्यक्रम २०७६ देशभर कार्यान्वयनमा आएको छ । त्यसैगरी आधारभुत शिक्षा पाठ्यक्रम (कक्षा ४-५) २०७७ को विकास कार्य सम्पन्न भएको छ भने सो भन्दा माथिल्लो तहका पाठ्यक्रमहरू पनि विकास र प्रयोगको चरणमा रहेका छन् । यी नै पाठ्यक्रमहरूले कक्षा १-३ मा ५ पाठ्यघण्टा र कक्षा ४-५ मा ४ पाठ्यघण्टा भएको स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास गरी स्थानीय तहले लागु गर्नुपर्ने व्यवस्था गरेका छन् । स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत र माध्यमिक शिक्षामाथि स्थानीय तहको अधिकार रहने व्यवस्था रहेको छ । यी नै व्यवस्था अनुरुप यस पाखीबास नगरपालिकाले पनि आफ्नो अधिकार र कर्तव्य बोध गरी वि.सं. २०७७ सालमा 'हाम्रो पाखीबास' नामक स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७७ देखि नै कक्षा १-५ मा कार्यान्वयनमा ल्याएको छ । उक्त पाठ्यक्रममा आधारित भई शैक्षिक सत्र २०७८ देखि प्रयोगमा ल्याउने गरी यो पाठ्यपुस्तक तयार गरिएको छ ।

यो पाठ्यपुस्तक '**हाम्रो पाखीबास**' लेखन तथा सम्पादनको लागि वातावरण सिर्जना गर्ने तथा निरन्तर सहयोग प्रदान गर्ने यस नगरपालिकाका नगर प्रमुख श्री बृषबहादुर राई, उप प्रमुख श्री देवकला पौडेल तिम्सिना लगायत नगरपालिकाका निर्वाचित सम्पूर्ण पदाधिकारीहरूप्रति नगरपालिका हार्दिक आभार प्रकट गर्दछ । पाठ्यपुस्तक लेखनको लागि प्रशासनिक तथा व्यवस्थापकीय प्रक्रिया सञ्चालन गर्ने नगरपालिका शिक्षा शाखालाई हार्दिक धन्यवाद छ । पाठ्यपुस्तक लेखन तथा सम्पादनको जिम्मेवारी लिनु हुने लेखक द्वय तथा पाठ्यपुस्तक लेखनको सुरुवातदेखि अन्त्यसम्म निरन्तर पथप्रदर्शन गर्नुहुने लामो समयसम्म पाठ्यक्रम विकास केन्द्रमा पाठ्यक्रम विज्ञको रुपमा काम गर्नु भएका यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत तथा पाठ्यपुस्तक मूल्याङ्कन समितिका संयोजक श्री डिकबहादुर राई विशेष धन्यवादको पात्र हुनुहुन्छ । पाठ्यपुस्तक मूल्याङ्कन समितिमा रहनु हुने विज्ञ सदस्यहरू श्री गणेश कुमार पिठाकोटे र नारायण बस्नेत प्रति नगरपालिका हार्दिक धन्यवाद प्रकट गर्दछ ।

वालवालिकाहरूमा आफ्नो स्थानीय क्षेत्रमा भएको भाषा, धर्म, संस्कार, संस्कृति, सम्पदा, हावापानी, ऐतिहासिक तथा सामरिक महत्वका वस्तुहरूको पहिचान गर्न सक्ने र तिनीहरूप्रति गर्व गर्न सक्ने स्वावलम्बी नागरिक बनाउने दिशातर्फ उन्मुख स्थानीय पाठ्यक्रममा आधारित भई यो पाठ्यपुस्तक तयार पारिएको छ । यो पाठ्यपुस्तकले विद्यार्थीमा निर्धारित सक्षमता विकासका लागि विद्यार्थीलाई सहयोग गर्ने छ । यसले विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण र आधारभूत सामग्रीका रूपमा कक्षा क्रियाकलापबाट हुने सिकाइलाई मजबुत बनाउन सहयोग गर्ने छ भन्ने विश्वास नगरपालिकाको रहेको छ । यस पाठ्यपुस्तकलाई विद्यार्थीको सिकाइमा सहयोग पुऱ्याउने एउटा महत्वपूर्ण आधारका रूपमा बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक, प्रयोगमुखी र क्रियाकलापमा आधारित बनाउने प्रयास गरिएको छ । यसलाई अझ परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका र हने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाखीबास नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

वि.सं. २०७८

पाखीबास नगरपालिका

पाखीबास, धनकुटा

# विषयसूची


| शीर्षक | पेज नम्बर |
|---|---|
| **एकाइ एक : पाखीबासको समाज र संस्कृति** | **१** |
| पाठ १ : जातजाति | २ |
| पाठ २ : भाषा | ५ |
| पाठ ३ : धर्म संस्कार | ९ |
| **एकाइ दुई : पाखीबासका असल व्यक्तित्वहरू** | **१३** |
| पाठ १ : असल बानी व्यवहार | १४ |
| पाठ २ : असल व्यक्तिहरू | १८ |
| **एकाइ तीन : पाखीबासको स्थानीय सरकार** | **२१** |
| पाठ १ : हाम्रा वडाहरू | २२ |
| पाठ २ : वडा समिति | २६ |
| **एकाइ चार : पाखीबासका सम्पदाहरू** | **२८** |
| पाठ १ : प्राकृतिक स्थलहरू | २९ |
| पाठ २ : साँस्कृतिक सम्पदा | ३३ |
| **एकाइ पाँच : पाखीबासको स्थानीय प्रबिधि** | **३८** |
| पाठ १ : नाप्ने तरिका | ३९ |
| पाठ २ : कुट्ने र पिस्ने औजारहरू | ४४ |
| पाठ ३ : भर्ने सामग्रीहरू | ४८ |
| पाठ ४ : जोख्ने सामग्रीहरू | ५१ |
| **एकाइ छ : पाखीबासको आर्थिक क्रियाकलाप** | **५३** |
| पाठ १ : कृषि | ५४ |
| पाठ २ : हाम्रा पेशाहरू | ६० |
| पाठ ३ : हाम्रा उत्पादनहरू | ६३ |

**एकाइ सात : पाखीबासको सामाजिक सङ्घ संस्था र विपद् व्यवस्थापन** ६६

पाठ १ : विपद् ६७

पाठ २ : हाम्रा सङ्घ संस्थाहरू ७०

**एकाइ आठ : पाखीबासको परम्परागत उपचार पद्धति** ७४

पाठ १ : वैद्यले गर्ने उपचार ७५

पाठ २ : हाम्रा जडीबुटीहरू ७७

**एकाइ नौ : पाखीबासको इतिहास** ८२

पाठ १ : आफू बसेको ठाउँ ८३

पाठ २ : ऐतिहासिक व्यक्ति ८८


एकाइ एक

# पाखीबासको समाज र संस्कृति









पाठ १

# जातजाति


## पढौँ र बुझौँ :



दिपिका तामाङ्को घर पाखीबास नगरपालिका वडा नम्बर ५ घोर्लिखर्कको तामाङ गाउँमा रहेको छ । उनको टोलमा तामाङ जातिका मानिसहरू धेरै भए तापनि ब्राह्मण, क्षेत्री, कामी, नेवार, राई,  दमाई, जातिका मानिसहरू पनि बसोबास गर्छन् । ती सबै मानिसहरू एक आपसमा मिलेर बसेका छन् । दिपिकाको घरभन्दा अलि तल लतिका श्रेष्ठको घर रहेको छ । जसिका तामाङ, रमिला विश्वकर्मा, प्रतिक्षा कार्की, लतिका र म विद्यालयमा मिल्ने साथी हौँ । हामी कक्षा दुईमा पढ्छौँ । हामी टिफिनमा सँगै खाजा खाने अनि सँगै खेल्ने गर्छौं । हामी टिफिनमा खाने खाजा घरबाटै लाने गर्छौं र एक आपसमा बाँडेर खान्छौँ । विद्यालयमा शिक्षकहरूले सबै जातजातिका मानिसहरू मिलेर बस्नुपर्छ भनेर सिकाउनु हुन्छ ।

## क गीत गाऔँ :

राई, बाहुन, क्षत्री, कामी
मिलिजुली बस्ने हामी
सबैको साझा पाखीबास
आहा कति धेरै दामी





मुगाका हामी राई जाति
हो साथी मेरो उमेश खाती
उहाँको घर मेरो भन्दा माथि
तामाङ काका आहा कति जाति

## ख उत्तर दिनुहोस् :

(अ) तपाईँको समुदायका कुनै पाँच जातिहरूको नाम लेख्नुहोस् ।

(आ) तपाईँको कक्षामा भएका कुनै पाँच जातिको नाम लेख्नुहोस् ।

(इ) तपाईँलाई पढाउने शिक्षकहरू कुन कुन जातको हुनुहुन्छ ?

ग

## खाली ठाउँ भर्नुहोस् :

(अ) हाम्रो टोलको नाम ............... हो । यो टोलमा बस्ने मुख्य जातिको नाम ..................... हो ।

(आ) हाम्रो विद्यालयको प्रधानाध्यापक..................... जातको हुनुहुन्छ ।

(इ) हाम्रो कक्षा शिक्षकको जात .................... हो ।

(ई) मेरो मिल्ने साथीको नाम ...................... हो र उहाँ .................. जातको हो ।

पाठ २

# भाषा

## हेरौँ, पढौँ र बुझौँ :




मेरो नाम रिदम गुरुङ हो । मेरो घर पाखीबास बजारमा पर्छ । हामी घरमा गुरुङ भाषा बोल्छौँ । विद्यालयमा नेपाली भाषा बोल्छौँ ।



मेरो नाम सीमा राई हो । मेरो घर मुगामा पर्छ । मलाई घरमा आमा बुवाले मुगाली राई भाषा बोल्न सिकाउनु हुन्छ । हामी घरमा मुगाली राई भाषा बोल्छौँ । विद्यालयमा चाहिँ हामी नेपाली भाषा बोल्छौँ ।



मेरो नाम लक्सरा बस्नेत हो । मेरो घर सिंहदेवी चोकमा छ । हामी नेपाली भाषा बोल्छौँ । नेपाली बाहेक हाम्रो छुट्टै भाषा छैन । मलाई अरु भाषा सिक्न मन लाग्छ ।

## क खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| जात, | नेपाली, | भाषा, | क्षेत्री/बाहुन, | मगर, | नेवारी |

(अ) हाम्रो पाखीबासमा धेरै .............. बोल्ने मानिसहरू रहेका छन् ।

(आ) .................. अनुसार भाषा फरक फरक रहेका छन् ।

(इ) नेवारहरूले बोल्ने भाषा ................. हो ।

(ई) मगरहरूले बोल्ने भाषा ................. हो ।

(उ) हामी सबैले बुझ्ने भाषा ................ हो ।

(ऊ) अरु जातजातिको जस्तो ................................ को छुट्टै भाषा हुँदैन ।

## ख पढौँ, बुझौँ र उत्तर भनौँ :

गोपाल तामाङ होक्से गाउँमा बस्नुहुन्छ । उहाँका घरका सदस्यले तामाङ भाषा बोल्नुहुन्छ । गोपालका साथी धनशेरको घर मुगा हो । उहाँको घरमा मुगाली राई भाषा बोलिन्छ । सवल खत्री चुङ्माङ्मा बस्नुहुन्छ । उहाँको घरमा नेपाली भाषा बोलिन्छ । शिवहाङ सवलको मिल्ने साथी हो । उहाँको घर फलाटेमा पर्छ । उहाँको घरमा वान्तवा राई भाषा बोलिन्छ । लालुमाया शिवहाङकी छिमेकी हुनुहुन्छ । उनको घरमा मगर भाषा बोलिन्छ । हर्कश्वरी सालबोटेमा बस्नुहुन्छ । उहाँका छिमेकमा फाङ्दुवाली राई भाषा बोलिन्छ । चनमती पारीगाउँमा बस्नुहुन्छ । उहाँको घरमा गुरुङ भाषा बोलिन्छ । निम्छिकी राम्चेमा बस्नुहुन्छ । उहाँको घरमा शेर्पा भाषा बोलिन्छ ।

## प्रश्नहरू

(अ) गोपालको घरमा कुन भाषा बोल्नुहुन्छ ?

(आ) धनशेरको घर कहाँ हो ?

(इ) धनशेरको घरमा कुन भाषा बोल्नु हुन्छ ?

(ई) सवल खत्रीको घरमा कुन भाषा बोलिन्छ ?

(उ) चनमतीको घरमा कुन भाषा बोलिन्छ ?

(ऊ) निम्छिकीको घरमा कुन भाषा बोलिन्छ ?

ग तपाईँको छिमेकीको नाम, जात र भाषा तालिकामा भर्नुहोस् :

| क्र.सं. | छिमेकीको नाम | जात | भाषा |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

घ

## ठीक वाक्यमा ठीक (√) र बेठीक वाक्यमा बेठीक (×) चिह्न लगाउनुहोस् :

(अ) जात अनुसार भाषा फरक हुन्छन् ।

(आ) नेपाली भाषा दमाई, कामीहरूले मात्र बोल्ने भाषा हो ।

(इ) हाम्रो छिमेकमा एउटै भाषा बोल्ने मानिसहरूको बसोबास रहेको छ ।

(ई) हामीले सबै भाषा बुझ्न सक्दैनौँ ।

(उ) हाम्रो विद्यालयमा सबैले बुझ्ने र बोल्ने भाषा नेपाली हो ।

पाठ ३

# धर्म संस्कार

## हेरौँ र छलफल गरौँ :









- यी चित्रहरू कुन कुन धर्मसँग सम्बन्धित छन् ?
- यी चित्रहरूमा के के गरेको देख्नुहुन्छ ?

## क  पढौँ र बुझौँ :



गीता कटुवालको घर पाखीबास नगरपालिका वडा नम्बर ३ सिंहदेवी चोकमा पर्छ । उनी कक्षा २ मा पढ्छिन् । उनीहरू हिन्दु धर्म मान्छन् । उनीहरूको दशैँ, तिहार, तीज जस्ता चाड पर्व मनाउँछन् । गीताकी आमा तीजमा ब्रत बस्नु हुन्छ र पूजा गर्नु हुन्छ । पूजा गर्न मन्दिरमा जाने गर्छन् ।




उनको घर नजिकै नमुना लिम्बुको घर रहेको छ । नमुनाका बुवा आमा क्रिश्चियन धर्म मान्नु हुन्छ । क्रिसमस डे वहाँहरूको सबैभन्दा ठूलो पर्व हो ।

गीताकी अर्की साथी करुणा राईको घर पञ्चकन्यामा रहेको छ । करुणाको परिवारमा किराँत धर्म मान्छन् । उनीहरूको सबैभन्दा ठूलो चाड उँधौली र उँभौली हो ।






उनीहरू गैँया थानमा पूजा गर्छन् ।

गीताकी साथी जुनुको घर पानी ट्याङ्की छेउमा पर्छ । जुनुको परिवारमा बुद्ध धर्म मान्नु हुन्छ । उहाँहरू गुम्बामा गएर ध्यान गर्नुहुन्छ । बुद्ध जयन्ती उहाँहरूको धर्मको सबैभन्दा महत्वपूर्ण दिन हो ।

## ख उत्तर दिनुहोस् :

(अ) तपाईंको परिवारमा कुन धर्म मान्नु हुन्छ ?

(आ) तपाईंको परिवारमा मनाइने प्रमुख चाड पर्व के हो ?

(इ) तपाईंको मिल्ने साथीको धर्म सोध्नुहोस् ।

(ई) हिन्दु धर्म मान्ने मानिसहरूले मनाउने कुनै तीन ओटा चाडको नाम लेख्नुहोस् ।

(उ) तपाईंलाई सबैभन्दा धेरै मन पर्ने चाड कुन हो ?

(ऊ) चाड पर्व मनाउँदा तपाईंहरू के के गर्नु हुन्छ ? साथी र शिक्षकलाई सुनाउनुहोस् ।

## ग खाली ठाउँ भर्नुहोस् :

मेरो नाम .................................. हो । मेरो घर पाखीबास नगरपालिका वडा नम्बर ......... मा पर्छ । हामी .............. धर्म मान्छौँ । मेरो सबैभन्दा मिल्ने साथी ................... हो । उसको घर ........................... मा पर्छ । उनीहरू ..................... धर्म मान्छन् । मेरो मामाघर .................. हो । उहाँहरू ............... धर्म मान्नु हुन्छ ।

## घ चित्रमा रङ भर्नुहोस् :



एकाइ दुई

# पाखीबासका असल व्यक्तित्वहरू











# असल बानी व्यवहार

## हेरौँ, छलफल गरौँ र बुझौँ :







- माथिका चित्रहरूमा के के गरेको देख्नु हुन्छ ?
- तपाईँले कहिल्यै कसैलाई यसरी सहयोग गरेको देख्नु वा सुन्नु भएको छ ?
- तपाईँले अरु कसैलाई सहयोग गर्नु भएको छ ?

क

## पढौँ र बुझौँ :

विमला खत्री ज्यादै असल हुनु हुन्छ । उहाँ आमा, बुवा, दाजु, दिदी, गुरु



लगायत आफूभन्दा ठूलालाई दुई हात जोडेर नमस्कार गरेर आदर गर्नुहुन्छ । उहाँ नरम बोली बोल्नु हुन्छ । घरमा आउने पाहुनालाई आदर सम्मान पूर्वक गुन्द्री, पिरा, कुर्सी, मुढा, बेन्च, सोफामा बस्न अनुरोध गर्नुहुन्छ । बेलुकी सबेरै सुत्नुहुन्छ । बिहान सबेरै उठ्ने बानी छ । नियमित तालिका बनाएर पढ्ने, लेख्ने तथा खेल्ने बानी छ । हजुर बुवा, हजुर आमा, बुवा, आमा, दाजु, दिदीलाई आफूले सकेको घरायसी काम पनि सघाउनु हुन्छ । सधैं बिहानै उठेर दिसा पिसाव गरेर हातमुख धुने र दाँत माझ्ने गर्नुहुन्छ । उहाँ फोहोर मैला पटक्कै गर्न हुन्न । भाइ, बहिनी र साथीलाई पनि जथाभावी फोहोर गर्न हुदैन भनेर सम्झाउनु हुन्छ ।

ख उत्तर दिनुहोस् :

(अ) बिमला खत्री पाहुनाको सम्मान कसरी गर्नुहुन्छ ?

(आ) बिमलाको कसरी पढ्ने बानी छ ?

(इ) बिलमाको दुई ओटा असल बानी बताउनुहोस् ।

(ई) उहाँले भाइ, बहिनी र साथीलाई के सम्झाउनु हुन्छ ?

(उ) तपाईंको बिमलासँग मिल्ने बानी छ ? छ भने बताउनुहोस् ।

(ऊ) तपाईंको चाहिँ कसरी पढ्ने बानी रहेको छ ?

ग तपाईंले गर्ने अभिवादनलाई तालिकामा देखाउनुहोस् :

| क्र. सं. | मान्यजन | गरिने अभिवादन |
|---|---|---|
| १ | हजुर बुवा | |
| २ | हजुर आमा | |
| ३ | बुवा | |
| ४ | आमा | |
| ५ | काका /काकी | |
| ६ | मामा / माइजु | |
| ७ | दाजु / दिदी | |
| ८ | गुरुजन | |
| ९ | साथी | |

## घ खाली ठाउँ भर्नुहोस् :

(अ) पाहुनासँग ............................बोल्दा असल बानी हुन्छ । ( कडा, नरम, रुखो)

(आ) आमाबुबालाई ............................गर्नुपर्छ । (ढोग, हेला, उपहास)

(इ) सीताले साथीलाई ........................गर्नुभयो । (ढोग, दण्डवत, नमस्कार )

(ई) घरमा बस्दा सधैँ .......................... बस्नु राम्रो हुन्छ । (खुसी भएर, रोएर, रिसाएर)

(उ) म विद्यालयमा साथीहरूसँग ................................. गर्छु । (झगडा, मिल्ने, रुने)


## ङ यसरी नै साथीसँग मिलेर खेलौँ :



## पाठ २

# असल व्यक्तिहरू

### पढौँ, छलफल गरौँ र बुझौँ :




यहाँ फोटोमा देखाइएका व्यक्ति स्वर्गीय ताराहाङ् राई हुनुहुन्छ । उहाँ अहिले यो धर्तीमा हुनुहुन्न । उहाँले गाउँ तथा समाजको हितको लागि धेरै काम गर्नु भएको थियो । त्यसैले हामी उहाँलाई सम्झन्छौँ । उहाँ पाखीबास बजारमा जन्मनु भएको थियो । पाखीबास बजारको विकास गर्नका लागि उहाँको महत्वपूर्ण भूमिका रहेको छ । त्यसैले उहाँलाई हामी असल व्यक्ति भनेर चिन्छौँ ।

त्यसैगरी पहिलादेखि अहिलेसम्म रहनु भएका सान्नेका केही समाज सेवीको नाम पनि यहाँ उल्लेख गरिएको छ । पदम बहादुर पाण्डे, बेणु बहादुर पाण्डे, भवानी प्रसाद चापागाईं, कमल धमला, भवानी प्रसाद रेग्मी, फत्त बहादुर अधिकारी आदि । उहाँहरु मध्ये कसैले विद्यालय तथा सङ्घ संस्था स्थापना र विकास गर्नुभएको छ भने कसैले अन्य क्षेत्रमा योगदान दिनुभएको छ । भाइबहिनीहरु ! तपाईंहरुको गाउँघरमा भएका यस्तै समाज सेवीहरुको बारेमा साथीहरुसँग छलफल गर्नुहोस् ।

## क पढौँ र बुझौँ

मेखबहादुर पाखीबासका एक असल मानिस हुनुहुन्छ । उहाँ ६० वर्षको हुनुभयो । उहाँ गाउँघरमा आपत विपद पर्दा छिमेकीलाई सहयोग गर्नुहुन्छ । उहाँ गाउँटोलको विकास निर्माणका हरेक काममा सहभागी बन्नुहुन्छ । उहाँ कुलो बनाउन, बाटो बनाउन, धारो, चौतारो, पाठशाला बनाउन सक्रीय रुपमा सहभागी बन्नुहुन्छ । उहाँले गाउँ घरमा बिजुली बत्तीको पोल तार ल्याउन मद्दत गर्नुभएको छ । उहाँले मोटर बाटो बनाउन नगरपालिकासँग अनुदान सहयोग माग गर्ने नेतृत्व गर्नु भएको छ ।

उहाँ एक दिन गाउँतिर घुम्न जाँदै हुनुहुन्थ्यो । जाँदाजाँदै बेसरी दर्केर पानी पऱ्यो । खोलामा बाढी आयो । बाढीले भर्खरै खनेको मोटरबाटो बगाउन थाल्यो । उहाँले नजिकैका गाउँलेलाई बोलाउनु भयो र आफू पनि बाढीलाई खोलातिर फर्काउन थाल्नुभयो । केही गाउँले तुरुन्तै आईपुगे । सबै मिलेर बाढी खोलो तर्फ फर्काए ।

## ख उत्तर दिनुहोस् :

(अ) पाठमा दिएका असल व्यक्तिको नाम के हो ?

(आ) उहाँले आफ्नो गाउँघरका लागि के गर्नु भएको रहेछ ?

(इ) तपाईंको टोल छिमेकमा एक अर्कामा सहयोग गर्ने व्यक्ति को को हुनुहुन्छ ? अभिभावकसँग सोधेर नाम लेख्नुहोस् ।

(ई) उहाँहरूले गाउँ समाजमा गर्नु भएका मुख्य मुख्य कामहरू लेख्नुहोस् ।

(उ) तपाईं भविष्यमा कस्तो प्रकारको व्यक्ति बन्नु हुन्छ ?

ग

तल दिइएका भनाइहरू ठीक भए (√) र बेठीक भए (×) यस्तो चिह्न लगाउनुहोस् :

(अ) बाटो र चौतारा बनाउने काम एक्लै गर्नुपर्छ ।

(आ) राम्रो काम गर्ने अग्रजलाई (अगुवा) सम्मान गर्नु पर्छ ।

(इ) छिमेकी बिरामी हुँदा अस्पताल लैजान सहयोग गर्नुपर्छ ।

(ई) गाउँटोलमा असल काम हुँदा सहयोग र सहभागी हुनुपर्छ ।

(उ) सबैसँग मिलेर बस्नुपर्छ ।

एकाइ तीन

# पाखीबासको स्थानीय सरकार








# पाठ १ हाम्रा वडाहरू

हेरौँ, पढौँ र छलफल गरौँ :




नमस्कार ! मेरो नाम प्रकाश राई हो । मेरो घर पाखीबास नगरपालिका वडा नम्बर ७ मुगामा पर्छ । मेरो मामाघर वडा नम्बर ३ कसेनीमा पर्छ । तपाईँको घर कति नम्बर वडामा पर्छ नि ?



- पाखीबासमा कति ओटा वडाहरू रहेछन् ?
- तपाईँको घर कति नम्बर वडामा पर्छ ?
- सबैभन्दा ठूलो वडा कुन होला ? चित्रमा हेर्नुहोस् त ।

## क पढौँ र उत्तर भनौँ :

हरिप्रसाद पाखीबास नगरपालिका वडा नम्बर १ सान्नेमा बस्नुहुन्छ । उहाँको मामाघर वडामा ६ फलाटेमा पर्छ । हरिप्रसाद मामाघर जाँदा २, ४ र ७ नम्बर वडाको बाटो भएर जानुहुन्छ । उहाँको दिदीको घर चाँहि वडा नम्बर १० चुङ्माङमा पर्छ । उहाँ दिदीको घर जाँदा २, ४, ३ र ९ नम्बर वडा पार गरेर पुग्नु हुन्छ । उहाँको छिमेकी वडा ५ नम्बर वडा हो । यो वडा विजुवा खोला पारिपट्टी पर्छ । उहाँको मित बाको घर वडा नम्बर ८ मुगामा पर्छ ।



प्रश्नहरू :

(अ) यस पाठको हरिप्रसादको घर कति नम्बर वडामा पर्छ ?

(आ) तपाईँ कति नम्बर वडामा बस्नुहुन्छ ?

(इ) पाखीबास नगरपालिकामा कति ओटा वडाहरू छन् ?

(ई) तपाईँको विद्यालय कति नम्बर वडामा पर्छ ?

## ख खाली ठाउँ भर्नुहोस् :


(अ) मेरो घर वडा नम्बर .................. मा पर्छ ।

(आ) हाम्रो पाखीबासमा ................ ओटा वडा रहेका छन् ।

(इ) मेरो मिल्ने साथीको नाम .............................. हो ।

(ई) उसको घर वडा नम्बर ............................ मा पर्छ ।

## ग गीत गाऔँ :




पाखीबास नगर घर हो हाम्रो
हाम्रो वडा छ है झन सारै राम्रो ।
सबैभन्दा सानो छ चार नम्बर वडा
सबैभन्दा ठुलो भयो छ नम्बर वडा ।



मेरो घर पर्छ वडा नम्बर दश
पढाइमा भिजेको छ राम्रोसँग रस ।
भारती हो मेरो विद्यालयको नाम
ध्यान दिएर पढ्ने हामी सबैको
काम ।

हाम्रो मामाघर हो वडा नम्बर नौँ
दशैँमा हामी त्यहाँ जाने गर्दछौँ ।
शिक्षक हुनु हुन्छ मा चैँ हाम्रो
उहाँको बानी व्यवहार छ सारै नै राम्रो ।



## घ आफ्नो वडा चिन्ने खेल खेलौं :



## पाठ २ वडा समिति

### हेरौँ, पढौँ र छलफल गरौँ :




हेम बहादुर पाण्डे

वडा अध्यक्ष



धनमाया सार्की



तेजबहादुर बस्नेत



खेमराज चापागाईं



चन्द्रकला चापागाईं

यहाँ भएका व्यक्तिहरू पाखीबास नगरपालिका वडा नम्बर एक सान्नेको वडा समितिका पदाधिकारीहरू हो । उहाँहरू वि.सं. २०७४ सालमा भएको निर्वाचनमा निर्वाचित हुनुभएको हो । हेमबहादुर पाण्डे वडा अध्यक्ष हो भने अरु वडा सदस्यहरू हो । उहाँहरू जन प्रतिनिधि हो । उहाँहरू सबैको समूह नै वडा समिति हो । प्रत्येक वडामा वडा समिति रहेको हुन्छ ।

## क उत्तर दिनुहोस् :

(अ) वडा समितिमा कति जना रहने व्यवस्था रहेको छ ?

(आ) वडा समितिमा अध्यक्ष कति जना रहन्छन् ?

(इ) तपाईँले वडा अध्यक्षलाई चिन्नु भएको छ ?

(ई) तपाईँले वडा सदस्यहरलाई चिन्नु भएको छ ?

## ख खाली ठाउँ भर्नुहोस् :

(अ) हाम्रो वडा अध्यक्षको नाम ................................. हो ।

(आ) महिला सदस्यको नाम ....................... हो ।

(इ) ................. जना दलित महिला सदस्य पनि रहनु भएको छ ।

(ई) वडा समितिमा जम्मा ................. जना व्यक्ति रहन्छन् ।

एकाइ चार


# पाखीबासका सम्पदाहरू













पाठ १

# प्राकृतिक स्थलहरू

## हेरौँ, पढौँ र बुझौँ :









माथि झरना, नागी, वन र पोखरीका चित्रहरू रहेका छन् । यी सबै प्राकृतिक वस्तुहरू हुन् । मानिसले नबनाई आफैँ उत्पत्ति भएका हुनाले यस्ता वस्तुहरूलाई प्राकृतिक वस्तु वा प्राकृतिक स्थल भनिन्छ । हाम्रो वरपर नदी, खोला, ताल, कुवा, भीर, खानी आदि थुप्रै प्राकृतिक स्थलहरू रहेका छन् । यी प्राकृतिक स्थलहरूलाई प्राकृतिक सम्पदा पनि भनिन्छ ।

## क उत्तर दिनुहोस् :

(अ) प्राकृतिक स्थल भनेको के हो ?

(आ) तपाइँले खोला देख्नु भएको छ ? छ भने नाम लेख्नुहोस् ।

(इ) तपाइँको घर नजिकै रहेको वनको नाम लेख्नुहोस् ।

(ई) तपाइँले झरना देख्नु भएको छ ?

## ख चित्र हेरेर नाम लेख्नुहोस् :



ढुङ्गा खानी



...........................



...........................



...........................



...........................



...........................

ग

तपाईँको छरछिमेकमा भएका प्राकृतिक स्थलहरूलाई तालिकामा देखाउनुहोस् :

| क.सं. | प्राकृतिक स्थलको नाम | रहेको ठाउँ |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

घ जोडा मिलाउनुहोस् :

झरना

खोला

ताल

देखेको छु

देखेको छैन

वन

खानी

कुवा

नागी/चौर

नदी

पाठ २

# साँस्कृतिक सम्पदा

## हेरौँ, पढौँ र बुझौँ :






यहाँ चित्रहरूमा देवाली पूजा गरेको, ढोल नाच नाचेको देखिन्छ । त्यसै गरी सरस्वती मन्दिर र भ्यु टावर पनि रहेका छन् । तपाईँहरूको घर तथा गाउँ समाजमा यस्तै देवाली, कुल पूजा, गोठ धुप, चण्डी नाच, पापानी चाड आदि मानाउनु हुन्छ नै होला । तपाईँहरूको गाउँ समाजमा मन्दिर, चर्च, गुम्बा, पार्क, खेल मैदान आदि पनि पक्कै देख्नु भएको छ । यी सबै हामी मानिसले बनाएका वस्तु तथा मानवीय क्रियाकलापलाई साँस्कृतिक सम्पदा भनिन्छ । हाम्रो नगरपालिकामा यस्ता धेरै साँस्कृतिक सम्पदाहरू रहेका छन् । यी सम्पदाहरूले हामीलाई चिनाउने गर्छन् ।

## क पढौँ र बुझौँ :

यमुना घिमिरे मुगामा बस्नुहुन्छ । उहाँको घर नजिकै जलदेवीको मन्दिर छ



। उहाँ जलदेवी मन्दिरमा पूजा गर्नुहुन्छ । उहाँको घर छेउमा राजदेवीको मन्दिर र राम मन्दिर पनि छ । उहाँको घरबाट आकाश खुलेको समयमा सुन्दर मकालु हिमश्रृंखला हर्न सकिन्छ । बाह्रैमास निरन्तर बगिरहने अरुण नदी नागबेली परेर बगेको छ । उहाँको मामाघर फाङ्दुवा हो । मामाघर छेउमा गैयाँथान, मार्गाथान, पञ्चकन्या देवी थान, छेन्खामा देवी थान, जालपादेवी थान, गुम्वा, चर्च, भ्यू टावर छन् । यमुना र उहाँको





दाजुसँग दशैँमा मामाघर जानु हुन्छ । त्यहाँ जाँदा बाटोमा लिङ्गे पिङ् पनि हालेको भेटिन्छ । उहाँहरू पिङ् खेल्दै जानु हुन्छ । उहाँको फुपूको घर फलाटे हो । त्यहाँ थानी देवीको थान पनि रहेको छ । उहाँकी सानीमाको घर चुङ्माङ् हो । सानीमाको घर नजिकै चुङ्माङ् मन्दिर रहेको छ ।

## ख उत्तर दिनुहोस् :

(अ) यमुनाको घर कहाँ रहेको छ ?

(आ) यमुनाको घर नजिकै रहेको देवीको नाम के हो ?

(इ) यमुनाको मामाघर नजिकै भएका देवी थानहरू के के हुन् ?

(ई) फलाटेमा रहेको देवी थानको नाम के हो ?

(उ) यमुनाकी सानीमाको घर कहाँ रहेको छ ?

(ऊ) उहाँकी सानीमाको घर नजिकै कुन मन्दिर रहेको छ ?

(ए) जात अनुसार तपाईँहरूले मनाउने कुनै एउटा पर्वको नाम लेख्नुहोस् ।

(ऐ) तपाईँको छर छिमेकमा भएका साँस्कृतिक सम्पदाहरूको नाम लेख्नुहोस् ।

## ग ठिक बेठिक छुट्याउनुहोस् :

| | |
|---|---|
| (अ) साँस्कृतिक सम्पदाहरू मानिसले बनाएको हो । | |
| (आ) नदी साँस्कृतिक सम्पदामा पर्छ । | |
| (इ) मन्दिर साँस्कृतिक सम्पदा हो । | |
| (ई) कुल पूजा पनि साँस्कृतिक सम्पदा हो । | |
| (उ) बुद्ध धर्म मान्ने मानिसहरू चर्चमा जान्छन् । | |
| (ऊ) जात अनुसार फरक फरक चाड पर्व हुन्छन् । | |
| (ए) चाड पर्वहरू हाम्रा सम्पदा होइनन् । | |
| (ऐ) हाम्रो छिमेकमा कुनै पनि सम्पदा छैनन् । | |

घ जोडा मिलाउनुहोस् :

चर्च

गुम्बा

गोठ धुप

मन्दिर

मार्गा थान



भ्यू टावर








## ङ चित्र बनाउनुहोस् :

| | |
|---|---|
|  | |
|  | |
|  | |
|  | |

एकाइ पाँच


# पाखीबासको स्थानीय प्रविधि
















पाठ ९

# नाप्ने तरिका

## हेरौँ, पढौँ र छलफल गरौँ :



पहिला पहिला अहिलेको जस्तो नाप्नका लागि आधुनिक सामग्रीहरू थिएनन् । जग्गा जमिन लगायत भौतिक वस्तुहरूको लम्बाई, चौँडाई, उचाई आदि नाप्नका लागि हात, खुट्टा आदिको प्रयोग हुन्थ्यो ।

- तपाईँले यसरी हात, खुट्टाले जग्गा जमिन नापेको देख्नु भएको छ ?
- तपाईँले यसरी केही वस्तु नाप्नु भएको छ ?


## क पढौँ र बुझौँ :

एक दिन सर्मिला मिस कक्षाकोठामा प्रवेश गर्दा लामो लट्ठी ल्याउनु भएको थियो । कहिल्यै लट्ठी लिएर कक्षामा नआउने सर्मिला मिसले लट्ठी ल्याएको देखेर कक्षा दुईका विद्यार्थीहरूमा कौतुहलता र डर मिसिएर आयो । कक्षाको अलि छुक्छुके विद्यार्थी राजनले डराउँदै मलाई नकुट्नु है मिस मैले आज केही पनि गरेको छैन भन्यो । मिसले हाँस्दै नडराउ राजन मैले यो लट्ठी तिमीलाई कुट्न ल्याएको होइन, सिकाउन ल्याएको हो भन्नु भयो । लट्ठीले पनि सिकाइ हुन्छ र मिस भन्दै सलिनाले हतार हतार सोधिन् । मिसले सबैलाई ध्यान दिएर सुन्न र हेर्न भन्नु भयो र लट्ठीबाट सिकाइ गर्न थाल्नु भयो । विद्यार्थीहरू पनि साह्रै उत्सुक भएर ध्यान दिएर बसे ।




उहाँले लट्ठीको एक छेउमा कुहिना राख्नु भयो र कुहिनादेखि माझि औँलासम्म हात तन्काएर माझि औँलाको टुप्पा परेको ठाउँमा मार्करले कोर्नु

भयो । त्यो कोरेको ठाउँदेखि नाप्दै प्रत्येक हातमा चिह्न लगाउँदै जानु भयो





। त्यो लट्ठी तीन हातको रहेछ । उहाँले यसरी प्रत्येक पटक नापेको एक/एक हात हो भनेर प्रष्ट्याइदिनु भयो । त्यसपछि मिसले उनीहरूलाई पनि यसरी हातले लट्ठी तथा डेस्क, बेन्च नाप्न लगाउनु भयो । विद्यार्थीहरूका हात साना हुनाले मिसको र उनीहरूको नापमा समानता नआएको कुरा पनि बताइदिनु भयो । हामीले नाप्नको लागि हातको साथै बित्ता,





कुरेत अमलको पनि प्रयोग गर्न सक्छौँ भनेर बताइदिनु भयो । विद्यार्थीहरूले पनि हातभन्दा बित्ता सानो र बित्ताभन्दा अमल सानो भनेर बुझेर धेरै खुसी व्यक्त गरे ।

ख जोडा मिलाउनुहोस् :



बित्ता



अमल



हात

## ग ठीक बेठीक छुट्याउनुहोस् :

(अ) वस्तुको लम्बाइ नाप्नको लागि हातको प्रयोग हुन्छ ।

(आ) अमल हातभन्दा ठुलो हुन्छ ।

(इ) बित्ता हातभन्दा सानो हुन्छ ।

(ई) सबैको हातको लम्बाई बराबर हुन्छ ।

(उ) मलाई पनि हातले डेस्क नाप्न आउँछ ।

## घ उत्तर दिनुहोस् :

(अ) तपाईँले हातले घर तथा जग्गा जमिन नापेको देख्नु भएको छ ?

(आ) सबैको हातले नाप्दा बराबरी हुन्छ कि हुँदैन ?

(इ) तपाईँलाई बित्ताले नाप्न आउँछ ?

(इ) अमल र बित्तामा कुन ठुलो हो ?

(ई) अमल र हातमा कुन ठुलो हो ?

(उ) हात र बित्तामा कुन ठुलो हो ?

(ऊ) तपाईँले फित्ताले नापेको देख्नु भएको छ ?

(ए) तपाईँ बसेको डेस्क कति हातको रहेछ ? नापेर हेर्नुहोस् ।

(ऐ) तपाईँको किताब कति हातको छ ? नापेर हेर्नुहोस् ।

ङ हात र बित्ताले कक्षाकोठा तथा डेस्क बेन्च नाप्ने खेल खेलौँ :





पाठ २

# कुट्ने र पिस्ने औजारहरू

## हेरौँ, पढौँ र बुझौँ :



यो ढिकी हो । यो अन्न कुट्न प्रयोग हुन्छ । ढिकीमा धान कुटेर चामल तथा चिउरा बनाइन्छ । चामल कुटेर पिठो बनाउने, कोदो, गहुँ फल्ने काम पनि गरिन्छ ।



यो जाँतो हो । अन्न पिस्न तथा दाल दल्न यस्को प्रयोग गरिन्छ ।



यो सिलौटो र लोहोरो हो । ठुलो चाहिँ सिलौटो हो भने सानो लोहोरो । लोहोरो-सिलौटोको प्रयोग मसला तथा अचार पिस्न प्रयोग गरिन्छ ।

## क  गीत गाऔँ :



दाजु दिदी धान कुट्न ढिकीतिर जानु भो,
खोले पकाई आमाले खाजा खान दिनु भो ।



नुन खोर्सानी गोलभेडा धनियाँ नि मिसेर,
सिलौटोमा दिदीले अचार मिठो पिस्नु भो ।



छिमेकीले जाँतोमा कोदो पिनी लानु भो,
रोटी ढिडो पकाएर मिठो मानी खानु भो ।

## ख  चित्र हेरेर नाम लेख्नुहोस् :



..................



...............



...................

## ग उत्तर दिनुहोस् :

(अ) तपाईंको घरमा ढिकी छ ?

(आ) ढिकीमा के कुटेको देख्नु भएको छ ?

(इ) जाँतो केबाट बनेको हुन्छ ?

(ई) जाँतो के कामका लागि प्रयोग गरिन्छ ?

(उ) तपाईंको घरमा लोहोरो-सिलौटा छ कि छैन ?


(ऊ) तपाईंको घरमा लोहोरो-सिलौटामा के पिस्नु हुन्छ ?

## घ खाली ठाउँ भर्नुहोस् :


| | | | | | |
|---|---|---|---|---|---|
| खान, | जाँतो, | कचौरा, | लोहोरो-सिलौटो, | ढिकी, | रोटी, |
| दाल, | खुर्सानी | | | | |

हिजो हजुरआमाले .................. मा कोदो फल्नु भयो । आमाले ........................ मा कोदो पिँधेर पिठो बनाउनु भयो । पिठोको ................. पकाएर हामी सबैलाई खान दिनु भयो । रोटी साह्रै मिठो भयो । रोटीसँग खान दिदीले ......................... मा अचार पिस्नु भयो । अचारमा ................... पनि हालेको हुनाले धेरै पिरो थियो । त्यसैले मैले ................... सकिन । रोटी खाइ सकेर आमाले जाँतोमा मासको .............. दल्नु भयो । मैले दाल उठाउन ....................... ल्याइदिएँ ।

ङ चित्र बनाउनुहोस् :







पाठ ३

# भर्ने सामग्रीहरू

## हेरौँ, पढौँ र बुझौँ :









हामीले दुध, दही, मोही, तेल, घिउ जस्ता तरल पदार्थहरू र अन्न भर्ने गर्छौं । भर्नका लागि माना, पाथि, कुरुवा, लिटर आदिको प्रयोग हुने गर्छ । यहाँ माथि चित्रमा भएका सामग्रीहरू ठोस तथा तरल वस्तु भर्न प्रयोग हुने सामग्रीहरू हुन् । भर्नु पर्ने वस्तु जति धेरै हुन्छ त्यती नै भर्नका लागि पनि ठुलो एकाइ तथा सामग्रीको प्रयोग गरिन्छ । अन्नको लागि पाथी तथा मुरीको प्रयोग, घिउको लागि माना तथा कुरुवाको प्रयोग गरिन्छ ।

## क गीत गाऔँ :



धान चामल भर्नलाई माना र पाथी
मजाले भरेर बेच्नु पर्छ साथी ।
आठ कुरुवाको एक पाथी हुन्छ
बीस पाथीले नै एक मूरी पुग्छ ।



दुध, दही भर्न कुरुवा प्रयोग गरिन्छ
आजकल डेरीमा दुध लिटरले भरिन्छ ।
कुरुवा, माना, पाथीमा हुन्छ निम्ठो र भुसी
सामान मजाले भरेमा हुन्छ दिल खुसी ।

## ख पढौँ र बुझौँ :

वस्तु तथा सामान भर्नका लागि माना, कुरुवा र पाथीको प्रयोग गरिन्छ । सबै ठाउँमा भराईमा एक रुपता ल्याउनका लागि प्रयोग गरिने भर्ने एकाइ नै माना, पाथी, मुरी आदि हुन् । भराइमा एक रुपता नहुने हो भने सामान लेनदेन गर्दा घटिबढि हुने डर हुन्छ । भराइमा एक रुपताको लागि सरकारी छाप लगाएका तामा तथा पितलको कुरुवा प्रयोग गरिन्छ । भाइ

बहिनीहरूको घरमा पनि यस्ता कुरुवाहरू होलान् । माना, कुरुवा, पाथी र मुरी मध्ये माना सबैभन्दा हुन्छ । मुरी सबैभन्दा ठुलो हुन्छ । आठ कुरुवाको एक पाथी हुन्छ भने बीस पाथीको एक मुरी हुन्छ । दुध, दही, घिउ, तेल आदि तरल पदार्थ भर्न पनि पहिला माना तथा कुरुवाको नै प्रयोग गरिन्थ्यो । अहिले यस्ता तरल वस्तु भर्न लिटरको पनि प्रयोग गरिन्छ ।

## ग उत्तर दिनुहोस् :

(अ) अन्न भर्नका लागि प्रयोग हुने सामग्रीहरू के के हुन् ?

(आ) कति पाथीको एक मुरी हुन्छ ?

(इ) कति कुरुवाको एक पाथी हुन्छ ?

(ई) माना र पाथीमा कुन ठुलो हुन्छ ?

(उ) तपाईंको घरमा माना, पाथी छन् ?

(ऊ) तपाईंले कहिल्यै दही, दुध भर्नु भएको छ ?

(ए) तपाईंकोमा चामल केले भर्नु हुन्छ ?

## घ खाली ठाउँ भर्नुहोस् :

(अ) एक मुरीमा .................... पाथी हुन्छ ।

(आ) एक पाथीमा ................ कुरुवा हुन्छ ।


(इ) घिउ भर्न ............... को प्रयोग गरिन्छ ।

(ई) भराइमा ............... ल्याउन सरकारी छाप भएका कुरुवाको प्रयोग गरिन्छ ।

पाठ ४

# जोख्ने सामग्रीहरू

## हेरौं, पढौं र बुझौं :



यो सुन जोख्ने तराजु हो । यो तराजु सानो भएकाले धेरै ठुलो सामान जोख्न मिल्दैन । सुन जोख्दा लाल, आना, तोला एकाइमा जोखिन्छ ।



यो सामान जोख्ने तुलो हो । यसलाई एक पल्ले तराजु पनि भनिन्छ । पल्लामा सामान राखिन्छ । डण्डीमा डोरीले बाँधेको हुन्छ र त्यही डोरीमा उचालेर सामान जोखिन्छ । तेर्सो डण्डी सिधा भए नभएको हेरेर तौल थाहा पाइन्छ ।

## क उत्तर दिनुहोस् :

(अ) तपाईंले तुलो देख्नु भएको छ ?

(आ) तपाईंको घरमा तुलो छ ?


(इ) तुलो के कामको लागि प्रयोग गरिन्छ ?


(ई) तपाईंले सुन जोखेको देख्नु भएको छ ?

(उ) सुन जोख्ने एकाइहरू के के हुन् ?

(ए) तुलोलाई अर्को के नामले चिनिन्छ ?

## ख चित्र बनाउनुहोस् :





एकाइ छ

# पाखीबासको आर्थिक क्रियाकलाप













पाठ १

# कृषि

## हेरौँ, छलफल गरौँ र बुझौँ :









- चित्रमा के के गरेको देख्नु हुन्छ ?
- यहाँ के के को खेती भएको छ ?

## क गीत गाऔँ :



हलो बोकी काँधमा बुबा खेत जानु भो,
गोरु नारी गरा गरा अनि जोत्नु  भो ।



खाजा लिई काकाकाकी पनि खेत जानु भो,
कोदालोले छेउ कुनालाई खन्नु भो ।





खन्ती लगाई दाजुले थलो किलो सार्नु भो,
घोचो गाडी कोठेबारी पनि बार्नु भो ।

## ख पढौँ र बुझौँ :

हाम्रो पाखीबासमा ठाउँ अनुसार अन्न खेती, फलफूल खेती, तरकारी खेती गरिन्छ । पाखीबासमा बसोबास गर्ने धेरै मानिसको मुख्य पेशा कृषि रहेको छ । बेँसीमा गर्मी धेरै हुने भएकाले धान खेती धेरै गरिन्छ । धानको साथै मकै, कोदो, गहुँ, दाल, भट्टमास आदिको पनि खेती हुन्छ । लेकमा चिसो

हावापानीको क्षेत्रमा तरकारी खेती धेरै हुन्छ । विभिन्न प्रकारका फलफूल खेती सबै प्रकारको हावापानीमा गर्न सकिन्छ । गर्मी हावापानीमा आँप, लिची, केरा, कटहर, सरिफा आदि फलफूलको खेती गरिन्छ । चिसो हावापानीको क्षेत्रमा आल्चा, बखडा, नास्पाती, किवी आदि फलफूल लगाइन्छ । खेतीको साथै किसानहरूले पशुपालन पनि गरेको देखिन्छ ।

## ग उत्तर दिनुहोस् :

(अ) पाखीबासमा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा के हो ?

(आ) बेँसीमा लगाउने मुख्य अन्न बालीहरू के के हुन् ?

(इ) गर्मी हावापानी भएको क्षेत्रमा लगाइने मुख्य फलफूलहरू के के हुन् ?

(ई) चिसो हावापानी भएको क्षेत्रमा के को खेती गरिन्छ ?

(उ) चिसो हावापानी भएको क्षेत्रमा लगाइने मुख्य फलफूलहरू के के हुन् ?

(ऊ) किसानहरूले खेतीको साथै के गर्छन् ?

## घ ठिक बेठिक छुट्याउनुहोस् :

(अ) हाम्रो परिवारको मुख्य पेशा कृषि हो । ☐

(आ) खेतमा धान खेती गरिन्छ । ☐

(इ) बारीमा धान खेती गरिन्छ । ☐

(ई) धान खेती गर्न पनी चाहिँदैन । ☐

(उ) तरकारी खेती बारीमा गरिन्छ । ☐

## ङ  पढौँ, हेरौँ र बुझौँ :

खेती गर्नका लागि विभिन्न सामग्रीहरूको आवश्यकता पर्छ । त्यस्ता सामग्रीहरूलाई कृषि औजार भनिन्छ । कुटो, कोदालो, कोदाली, खन्ती आदि खन्ने हौजारहरू हुन् । यी औजारले खेत बारी खन्ने गरिन्छ । काट्नका लागि हँसिया, खुकुरी, खुर्पा आदिको प्रयोग गरिन्छ ।






जोत्नका लागि हलो, जुवा, हलुणको आवश्यकता पर्दछ । धान रोप्न हिलो सम्याउन दाँते तथा फेउरीको प्रयोग गरिन्छ ।






च जोडा मिलाउनुहोस् :



जोत्ने औजार



काट्ने औजार



खन्ने औजार



हलुण

छ चित्र हेरेर नाम लेख्नुहोस् :



................................



................................



................................



................................



................................



................................

पाठ २

# हाम्रा पेशाहरू

## हेरौँ, पढौँ र बुझौँ :






घर व्यवहार चलाउन हामीलाई पैसाको आवश्यकता पर्दछ । पैसा कमाउनको लागि विभिन्न काम गर्नु पर्छ । ती नै कामलाई पेशा भनिन्छ । माथि पहिलो चित्रमा चालक (ड्राइभर) ले गाडि कुदाएको देखिन्छ । अर्को चित्रमा सुचिकारले लुगा सिलाउँदै गरेको देखिन्छ । तेस्रो चित्रमा शिक्षकले विद्यार्थीहरूलाई पढाएको देखिन्छ । चौथो चित्र पसलको हो र पसलमा व्यापारीले सामान बेच्ने काम गर्छन । ड्राइभर, सुचिकार, शिक्षण, व्यापार सबै हाम्रा पेशाहरू हुन् । यी बाहेका पनि हाम्रा धेरै पेशाहरू हुन्छन् ।

## क पढौँ र बुझौँ :

रमाको घर फलाटेमा पर्छ । उनीहरूको घरमा सानो किराना पसल छ । पसलमा उनकी आमा बस्नु हुन्छ । उनका बुवा पाखीबासबाट तरकारी, फलफूल किनेर तराइ तराइमा लगेर बेच्नु हुन्छ । उहाँ व्यापारी हो ।





रमाको काका टेम्पो (अटो) ड्राइभर हो । उहाँको आफ्नै टेम्पो (अटो) रहेको छ । रमाको घरभन्दा अलि माथि गोपाल दर्जीको घर रहेको छ । उहाँ लुगा सिलाउनु हुन्छ । गोपाल दर्जीको घर नजिकै रमेश विश्वकर्माको घर रहेको छ । रमेश र उहाँको जेठो छोराले सुन चाँदीका गरगहना बनाएर बेच्नु हुन्छ । रमाकी साथी इन्दिराका बुवा घर बनाउने काम गर्नु हुन्छ । उहाँ डकर्मी हो ।





इन्दिराको दाजुले काठको दराज, टेवल, कुर्सी, डेस्क, बेन्च आदि बनाउनु हुन्छ । उहाँ सिकर्मी हो । इन्दिरको काका सरकारी कार्यालयमा काम गर्नु हुन्छ र काकी त्यहीँको विद्यालयमा पढाउनु हुन्छ । यी सबै पेश गर्ने मानिसहरू गाउँमा भएकाले गाउँमा बस्ने सबै मानिसहरूलाई जीवन चलाउन सजिलो भएको छ ।

## ख उत्तर दिनुहोस् :

(अ) रमाको घर कहाँ पर्छ ?

(आ) रमाको घरको पेशा के हो ?

(इ) रमाको काकाले के गर्नु हुन्छ ?

(ई) गोपाल दर्जीको पेशा के हो ?

(उ) इन्दिराका बुवा के गर्नु हुन्छ ?

(ऊ) काठको काम गर्ने मानिसलाई के भनिन्छ ?

(ए) इन्दिराकी काकीको पेशा के हो ?

## ग तपाईँका छिमेकीहरूको पेशा तालिकामा भर्नुहोस्

| क्र.सं. | छिमेकीको नाम | छिमेकीको पेशा |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

# पाठ ३ हाम्रा उत्पादनहरू

## हेरौँ, पढौँ र बुझौँ :



यहाँ एक जना व्यवसायीले प्लाष्टिकको डोरीबाट मुडा बनाउँदै हुनुहुन्छ । उहाँले खेतीपाती गरेर बाँकी रहेको समयको सदुपयोग गरेर मुडा बनाउनु हुन्छ । यसबाट भएको आम्दानीले उहाँलाई घर व्यवहार चलाउन सजिलो भएको छ ।



उहाँ जानुका कार्कीकी आमा हो । उहाँ फुर्सदको समयमा गुन्द्री, सुकुल, पिरा आदि बनाउनु हुन्छ ।



उहाँ कमल राई हो । उहाँ डाला, नाङ्ला, मान्द्रा आदि बनाएर बजारमा लगेर बिक्री गर्नु हुन्छ । त्यसबाट भएको आम्दानीले घर खर्च गर्नु हुन्छ ।



उहाँ डोको बनाउने व्यबसायी हो । उहाँ आफ्नो लागि तथा छरछिमेकको लागि डोको बनाउनु हुन्छ । उहाँको घरबाट नै धेरै मानिसले डोको किनेर लैजान्छन् ।

## क गीत गाऔँ :




गोपाल दाइले बनाउनु भो डोरी र नाम्लो
भाउजुले खसी बाँध्नु भो लगेर दाम्लो ।
तल्ला घरे काकाले बनाउनु भो डोको र डालो
यस्ता सिप सिक्ने अब हाम्रो हो पालो ।



अब गर्नु पर्छ हामीले उद्योगको विकास
उद्योगले नै दिन्छ समाजलाई आर्थिक निकास ।
सामान धेरै बनाई बाहिर पठाउनु पर्छ
सामान धेरै बेचेर पैसा ल्याउनु पर्छ ।




यस्ता सामान बनाउँदा हुन्छ अरुको सेवा
त्यती मात्र नभएर दिन्छ आर्थिक टेवा ।
उत्पादन बढाएमा धनी हुन्छ हाम्रो गाउँ
त्यही उत्पादनले चिनाउँछ बाहिर हाम्रो नाउँ ।

ख

तालिका हेरी देखेको भए देखेकोमा र नदेखेको भए नदेखेकोमा ठिक चिह्न (√) लगाउनुहोस् :

| क्र.सं. | व्यवसाय (काम) | देखेको | नदेखेको |
|---|---|---|---|
| १ | डोका बुन्ने | | |
| २ | डाला, नाङ्ला, मान्द्रा बनाउने | | |
| ३ | मुडा बनाउने | | |
| ४ | हँसिया, खुकुरी बनाउने | | |
| ५ | घुम बनाउने | | |
| ६ | टेबल, कुर्सी बनाउने | | |

एकाइ सात

# पाखीबासका सामाजिक सङ्घ संस्था र विपद् व्यवस्थापन











पाठ १

# विपद्

## हेरौँ, पढौँ र बुझौँ :







माथिको पहिलो चित्रमा भुकम्प गएर घर भत्किएको छ । घर भत्किएर सरसामान जथाभाबी छरिएकाले सामान बटुल्दै गरेको देखिन्छ । दोस्रो चित्रमा पहिरो गएको देखिन्छ । पानी परेको समयमा पहिरोले घर तथा खेत बारी बगाउने गर्छ । तेस्रो चित्रमा वनमा डढेलो लागेको देखिन्छ । यी सबै चित्रहरूले बिपद्को अवस्था देखाएका छन् ।

## क पढौँ र बुझौँ :

पानी परेको बेला गाउँघरमा पहिरो गएको तथा खोलाको छेउछाउमा बाढी आएको हामीले देखेका छौँ । त्यसै गरी कहिले काहीँ घर तथा वन जङ्गलमा आगो लागेको देखिन्छ। भुकम्प गएर घर भत्किएको पनि हामीले सुनेका र देखेका छौँ । कहिले काहीँ गाडीबाट लडेर चोट पटक लाग्ने, भऱ्याङ् तथा रुखबाट लडेर चोट पटक लाग्ने पनि हुन्छ। यी सबैलाई विपद् भनिन्छ । यसरी आउने विपद्ले मानिसको ज्यान समेत जाने गर्छ । कसैलाई विपद् परेमा हामी सबै मिलेर सहयोग गर्नु पर्छ । हाम्रो पाखीबासमा विभिन्न सङ्घ संस्थाहरूले विपद्मा परेका मानिसहरूलाई सहयोग गर्ने गरेको देखिन्छ।

## ख उत्तर दिनुहोस् :

(अ) विपद् भनेको के हो ?

(आ) तपाईंको छरछिमेकमा के कस्ता विपद्का घटनाहरू भएका छन् ?

(इ) विपद्मा परेकालाई हामी सबैले के गर्नु पर्छ ?

## ग ठिक बेठिक छुट्याउनुहोस् :

(अ) बाढी पहिरो जानु विपद् हो । ☐

(आ) विपद्मा परेका मानिसहरूलाई नहेरी हिड्नु पर्छ। ☐

(इ) विपद् आउनु राम्रो कुरा हो । ☐

(ई) भुकम्पले पनि विपद् ल्याउँछ ।

(उ) वन जङ्गलमा डढेलो लागेको हेरेर बस्नु पर्छ ।

घ चित्र बनाउनुहोस् :





## पाठ २ हाम्रा सङ्घ संस्थाहरू

### हेरौँ, छलफल गरौँ र बुझौँ :










- यहाँ भएका चित्रहरू के के का होलान् ?
- तपाईंले यी मध्ये कति ओटा सङ्घ संस्थाहरू देख्नु भएको छ ?
- यी सङ्घ संस्थाहरूले के काम गर्छन् होला ?

## क पढौँ र बुझौँ :

कमलाको घर पाखीबास नगरपालिका वडा नम्बर १ सान्नेमा पर्छ । उनको घर नजिकै अन्नपूर्ण माध्यमिक विद्यालय रहेको छ । उनी त्यही विद्यालयमा






कक्षा २ मा पढ्छिन् । उनको घर भन्दा माथि सल्लेरी वन रहेको छ । त्यो सामुदायिक वन हो । कमलाका बुवा त्यो सल्लेरी सामुदायिक वनको उपभोक्ता समितिको अध्यक्ष हुनुहुन्छ । उनको घर वरपरका सबै छिमेकीहरू त्यो सामुदायिक वनको सदस्य हुनुहुन्छ । कमलाको काकाले पोहोर साल घर बनाउँदा त्यही वनबाट काठ काटेर घर बनाउनु भएको थियो । सल्लेरी वनको घाँस काटेर धेरैले गाई वस्तु पाल्नु भएको छ । दाउरा र सोत्तर पनि उक्त वनबाट पाउन सकिन्छ । कमलाकी आमा त्यहाँ भएको एउटा सहकारी संस्थाको सदस्य हुनुहुन्छ । त्यो संस्थामा उहाँहरूले मासिक रुपमा पैसा बचत गर्नुहुन्छ । आफूलाई चाहिएको बेलामा त्यहीँबाट ऋण पनि निकाल्न पाइन्छ । कमलाकी आमाले त्यही सहकारी संस्थाबाट ऋण निकालेर एउटा गाई किन्नु भएको छ । कमलाको घर नजिकै एउटा आधारभुत स्वास्थ्य सेवा केन्द्र रहेको छ । उनीहरूको सबैभन्दा नजिक

रहेको अस्पताल पाखीबास आधारभुत अस्पताल हो । यो अस्पताल पाखीबास बजारमा रहेको छ । बिरामी परेको बेला डाक्टरले जाँचेर औषधी दिनुहुन्छ । कमलालाई ज्वरो आउँदा उनकी आमाले त्यही अस्पतालमा लानु भएको थियो ।



**ख** उत्तर दिनुहोस् :

(अ) कमला पढ्ने विद्यालयको नाम के हो ?

(आ) कमलाहरूको सामुदायिक वनबाट के के फाइदा रहेछ ?

(इ) कमलाकी आमाले कहाँबाट ऋण लिनु भएछ ?

(ई) कमला बिरामी हुँदा कहाँ गइछिन् ?

(उ) तपाईंको छर छिमेकमा रहेको सामुदायिक वन कुन हो ?

(ऊ) तपाईं पाखीबासमा रहेको अस्पताल जानु भएको छ ?

**ग** खाली ठाउँ भर्नुहोस् :

(अ) विद्यालयबाट ...................... पाइन्छ । (उपचार/शिक्षा)

(आ) सहकारी संस्थामा ................ गर्न सकिन्छ । (बचत/अध्ययन)

(इ) सामुदायिक वनबाट ................ पाइन्छ । (ढुङ्गा/घाँस, दाउरा)

(ई) अस्पतालबाट ..................... पाइन्छ । (उपचार/शिक्षा)

(उ) म बिरामी हुँदा .................. जान्छु । (सहकारी/अस्पताल)

**घ** तपाईँको घर नजिकै रहेका संस्थाहरूको आधारमा तालिका पूरा गर्नुहोस् :

| क. सं. | संस्था | नाम | गर्ने काम |
|---|---|---|---|
| १ | विद्यालय | | |
| २ | सामुदायीक वन | | |
| ३ | अस्पताल | | |
| ४ | सहकारी संस्था | | |

एकाइ आठ

# पाखीबासको परम्परागत उपचार पद्धति













पाठ १

# वैद्यले गर्ने उपचार

## हेरौँ, पढौँ र बुझौँ :



यहाँ चित्रमा एक जना मानिसले विभिन्न प्रकारका जडीबुटी भेला गरेर कुट्दै गरेको देखिन्छ । जडीबुटीबाट विभिन्न रोगको उपचार गर्न औषधी बनाउने काम हुन्छ । यस्ता जडीबुटीहरू हाम्रो गाउँघरको वरपर, खेतबारी, भिर, पाखामा जताततै पाइन्छन् । तर हामी सबैले यस्ता जडीबुटी चिन्न सक्दैनौँ । पहिला पहिला हाम्रो गाउँघरमा पनि यसरी जडीबुटीबाट औषधी बनाएर बिरामीको उपचार गर्ने वैद्यहरू हुन्थे । उनीहरूले धेरै प्रकारका रोगको उपचार गर्दथे । अहिले पनि जडीबुटीबाट बिरामीको उपचार गर्ने मानिसहरू रहेका छन् ।

## क उत्तर दिनुहोस् :

(अ) कसलाई वैद्य भनिन्छ ?

(अ) वैद्यले केको प्रयोग गरेर बिरामीको उपचार गर्छन् ?

(इ) तपाईँ बिरामी हुँदा उपचार गर्न कहाँ जानुभएको छ ?

(ई) तपाईँले वैद्यकोमा गएर उपचार गराउनु भएको छ ?

पाठ २

# हाम्रा जडीबुटी

## हेरौँ, छलफल गरौँ र चिनौँ :









- चित्रमा भएका जडीबुटीहरू के के हुन् ?
- यी जडीबुटी तपाईंको बारीमा छन् ?
- कसैले यिनीहरूको प्रयोग गरेको देख्नु भएको छ ?

क पढेर उत्तर दिनुहोस् :






माथिल्लो घरे जेठा बाले आफ्नी नातिनीलाई ज्वरो आउँदा घोरताप्रे पिनेर (पिसेर) आएको झोल खुवाउनु हुन्छ । यसले ज्वरो ठीक पार्छ ।

हरिको बहिनीलाई पाचन क्रिया सम्बन्धी समस्या आएपछि रुदिलो खोजेर खुवाएपछि बिस्तारै झाडा पखाला कम भयो । रामले आफ्नो बारीका केही भागमा कुरिलो खेती गरेका गर्नुभएको छ । यसको फल गाई भैँसीलाई खुवाउँदा दूध धेरै दिन्छ ।

राम्चे र सुन्तले डाँडा घुम्न जाँदा सीता र ओमकलाले चिराइतोका बोटहरू टिपेर ल्याए । यो हाम्रो धेरै महत्वपूर्ण जडीबुटीको रुपमा रहेको छ ।



शीला घाँस काट्न जाँदा हँसियाले हातमा गहिरो चोट लगायो । आमाले भूमी झार खोजेर ल्याउनु भयो । त्यसलाई बेसरी किच्याएर घाउमा लगाईदिनु भयो । सफा कपडाले बाँधिदिनु भयो । केही दिन मै घाउ राम्ररी निको भयो ।



## प्रश्नहरू

(अ) माथिल्लो घरे जेठा बाले बनाएको औषधीको नाम के हो ?

(आ) हरिकी बहिनीलाई के खुवाउँदा झाडा पखाला कम भयो ?

(इ) गाई भैँसीलाई कुरिलो खुवाउँदा के हुन्छ ?

(ई) सीता र ओमकलाले के को बोट टिपेर ल्याए ?

(उ) भूमी झार केका लागि प्रयोग गरिएको छ ?

ख

अभिभाकलाई नाम सोधेर तपाईको वरिपरि भएका जडीबुटीहरूको सूची तयार पार्नुहोस् :

(अ) ..........................................

(आ) ..........................................

(इ) ..........................................

(ई) ..........................................

(उ) ..........................................

(ऊ) ..........................................

ग

तलका जडीबुटीको नाम लेख्नुहोस् :



..................



.................



..................



...............

घ जोडा मिलाउनुहोस् :









चिन्छु

चिन्दिन

देखेको छैन

देखेकोछु










एकाइ नौ

# पाखीबासको इतिहास








पाठ १

# आफू बसेको ठाउँ

## हेरौँ, पढौँ र बुझौँ :





माथिका फोटा वि.सं. २०२८ सालमा खिचिएका फलाटे र मुगाका हुन् । पहिला यी दूई फरक फरक गाउँहरू थिए । अहिले पाखीबास नगरपालिकाका वडाका रुपमा रहेका छन् ।

क गीत गाऔँ :

म बसेको ठाउँ, पाखीबास नाउँ,

रमाइलो हेर्न साथी घुम्नलाई आउँ ।



पाखरीको फेदमा बटुवाको बास,

यही कारण हिजोआज भयो पाखीबास ।



उत्तरमा बसेको त्यो फाँटिलो सान्ने,

घोर्लिखर्क त्यहि दिशा रमाइलो लाग्ने ।



पश्चिममा रहेका ती फलाटे र मुगा,

राम्चेको काखैमा बाँच्ने युग युग ।



दक्षिणको चुङवाङ त्यो पाखीबासको शान,

पुर्व हिले लागे पश्चिम पाखीबास जान ।

## ख  पढौँ र बुझौँ :

रमेश कार्कीको घर घोर्लिखर्कमा पर्छ । घर नजिकै रहेको ग्रामीण सामाजिक माध्यमिक विद्यालयमा कक्षा २ मा पढ्छन् । उनलाई आफ्नो ठाउँको नाम किन घोर्लिखर्क रहेको हेला भनेर जिज्ञासा लागेर हजुरबालाई सोधे । हजुरबाले यस गाउँको नाम घोर्लिखर्क रहनुका कारण यसरी  बताइदिनु





भयोः- सुन बाबु ! परापूर्व कालमा आजको घोर्लिखर्कको वरिपरि घना जङ्गल रहेको थियो । यो घोर्लिखर्क क्षेत्र चौरको रुपमा रहेको थियो । सो जङ्गलमा विभिन्न प्रकृतिका जङ्गली जीवजन्तुहरू पाइन्थे । ती जीवजन्तुहरू मध्ये सबैभन्दा बढि मात्रामा घोरल जातको मृग पाइन्थे । ती घोरलहरू जङ्गलमा पर्याप्त घाँस खाएर यहाँको चौरमा बथान मिलेर बस्ने, खर्कने गर्थे । मानिसहरूले यो ठाउँलाई घोरल खर्किने स्थानको रुपमा चिन्ने र त्यसै आधारमा घोरल खर्कने, घोरलखर्क भन्दै पछि आएर यसको नाम नै घोर्लिखर्क भएको भन्ने भनाई रहेको छ । सबै गाउँ तथा ठाउँको यस्तै विभिन्न आधारमा नाम रहेको हुन्छ भनेर हजुरबाले भन्नु भयो । यसरी हजुरबाको कुरा सुने पछि रमेश खुसी भए ।

## ग उत्तर दिनुहोस् :

(अ) रमेशको घर कहाँ पर्छ ?

(आ) उनले हजुरबालाई के सोधे ?

(इ) घोर्लिखर्कको जङ्गलमा पहिला के पाइन्थे ?

(ई) घोरलहरू कहाँ बस्ने गर्थे ?

(उ) रमेश किन खुसी भए ?

(ऊ) तपाइँको ठाउँको नाम कसरी रहेको होला ? रमेशले जस्तै आफ्ना अभिभावकलाई सोधेर लेख्नुहोस् र शिक्षकलाई सुनाउनुहोस् ।

## घ पढेर उत्तर दिनुहोस् :

हामी बस्ने नगरपालिकाको नाम पाखीबास हो । पहिला यो नगरपालिका एउटा सानो गाउँ थियो । यहाँ बजार थिएन तर मानिसहरू हिड्ने बाटो चाहिँ थियो । अहिलेको पाखीबास बजार हुँदै थुप्रै मानिसहरू बाटो हिड्ने गर्दथे । बाटो हिड्ने मानिसलाई बटुवा भनिन्छ । बाटोमा भारी बोकेर पनि धेरै मानिसहरू हिड्ने गर्थे । यसरी भारी बोकेर हिड्ने मानिसलाई भरिया भनिन्छ । अहिले यातायातको सुविधाले गर्दा लामो बाटो हिड्ने बटुवा र भरियाहरू देखिँदैन । पहिला पाखीबासमा अरु रुखहरू पनि धेरै थिए तर पाखी नाम गरेको ठूलो रुख थियो । पाखीबासको बाटो भएर हिड्ने बटुवा तथा भरियाहरू त्यही रुखको छहारी मुनि बास बस्थे । पाखीको रुख मुनि बास भन्दा भन्दै पछि यो ठाउँको नाम नै पाखीबास रहन गयो । अनि पूरै गाउँको नाम नै पाखीबास रह्यो र अहिले हाम्रो नगरपालिकाको नाम नै पाखबिास रहेको छ ।

### प्रश्नहरू

(अ) बाटो हिड्ने मानिसलाई के भनिन्छ ?

(आ) भारि बोकेर हिड्ने मानिसलाई के भनिन्छ ?

(इ) पहिला पाखीबासमा के को ठूलो रुख थियो ?

(ई) पहिला बटुवा र भरियाहरू कहाँ बास बस्दथे ?


(उ) मानिसहरू किन रुखको मुनि बास बसेका होलान् ?

(ऊ) हाम्रो नगरपालिकाको नाम के हो ?

पाठ २

# ऐतिहासिक व्यक्ति

## हेरौँ, पढौँ र बुझौँ :



हाम्रो गाउँ तथा समाजमा पहिलेका मानिसहरू अहिले पनि धेरै हुनुहुन्छ । कति मानिसहरू मरेर पनि गइसक्नु भएको छ । यस्ता पूराना वा पहिलेका मानिसहरूलाई ऐतिहासिक व्यक्ति भनिन्छ । कतिपय मानिसहरूले आफ्नो उमेरमा गाउँ तथा समाजका लागि धेरै काम गर्नु भएको हुन्छ भने कसैले कम मात्रै काम गर्नु भएको हुन्छ । जस्ले आफ्नो जीवनमा समाजको लागि धेरै काम गरेको हुन्छ त्यस्ता मानिसहरू मरेर गए पनि उहाँहरूको कामले गर्दा सम्झना भई रहन्छ । आफ्नो लागि मात्र नभएर गाउँ समाजको हित हुने काम गर्ने मानिसहरूलाई हामीले सम्मान गर्नुपर्छ ।

यहाँ फोटोमा देखाइएका व्यक्तिको नाम दाताराम गौतम हो । उहाँ हाल जीवित हुनुहुन्न । स्वर्गीय गौतम सान्नेका एक असल समाज सेवी हुनुहुन्थ्यो । सान्नेमा रहेको अन्नपूर्ण माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष भएर पनि काम गर्नुभएको थियो । विद्यालयको विकासका लागि उहाँको भूमिका महत्वपूर्ण रहेको थियो । उहाँ तथा उहाँ जस्तै अन्य समाज सेवीहरुले दुःख गरेर विद्यालय स्थापना तथा विकास गर्नु भएकाले अहिले हामीले पढ्न गर्न पाएका छौँ । त्यसैले हामीले उहाँहरुको योगदानलाई कहिल्यै भुल्न हुँदैन ।

## क उत्तर दिनुहोस् :

(अ) कस्ता मानिसलाई ऐतिहासिक व्यक्ति भनिन्छ ?

(आ) कस्ता मानिसहरू मरेर गए पनि सम्झना भई रहन्छ ?

(इ) हामीले कस्ता मानिसहरूलाई सम्मान गर्नु पर्छ ?

(ई) तपाईंले स्वर्गीय दाताराम गौतमको नाम सुन्नु भएको थियो ?

(उ) अभिभावकलाई सोधेर तपाईंको गाउँ वा टोलको कुनै एक जना ऐतिहासिक व्यक्तिको नाम र काम लेख्नुहोस् र शिक्षकलाई देखाउनुहोस् ।

## ख खाली ठाउँ भर्नुहोस् :


(अ) पुराना वा पहिलेका मानिसहरूलाई ...................... व्यक्ति भनिन्छ । (बर्तमानका/ऐतिहासिक)

(आ) ऐतिहासिक व्यक्तिलाई हामीले .......................... गर्नु पर्छ । (अपमान/सम्मान)

(इ) गाउँ तथा समाजको हित हुने काम गर्ने मानिसहरूलाई हामीले ...................... हुन्छौँ । (बिर्सेका/सम्झेका)

(ई) हाम्रो गाउँमा पनि ऐतिहासिक व्यक्तिहरू .......................... । (हुनुहुन्छ/हुनुहुन्न)

## नेपाल, धनकुटा जिल्ला र पाखीबास नगरपालिकाको नक्सा




# पाखीबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पाखीबास, धनकुटा